भेरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खलंगा, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

प.सं. २०७९।८०

च.नं.

मिति : २०७९।१२।२६

**विषयः स्थानीय सेवाका कर्मचारीहरुको बढुवा (स्तरबृद्धि) गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा साविक जिल्ला विकास समितिबाट नगरपालिकामा समायोजन भएका, यस नगरपालिकामा साविक देखि नियुक्ति भई कामकाज गरिरहेका र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्तरवृद्धि नपाएका स्थानीय सेवाका कर्मचारीहरुको भेरी नगरपालिकाको स्थानीय सेवा ऐन, २०७९ बमोजिम जेष्ठता र कार्यसम्पादन मूल्यांकनबाट स्तरबृद्धि गरिने भएकोले देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक साविक स्थानीय सेवाका स्थायी कर्मचारीहरुलाई सूचना प्रकाशन भएको मितिबाट ३५ (पैतिस) दिनभित्र आवश्यक कागजपत्र र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा |
|---|---|---|---|---|
| १. | ०४-२०७९।८० | सहायकस्तर | पाँचौं | प्रशासन |
| २. | ०५-२०७९।८० | अधिकृतस्तर | छैठौं | प्रशासन |
| ३. | ०६-२०७९।८० | अधिकृतकस्तर | सातौं | प्रशासन |

१. आवश्यक न्यूनतम योग्यताः सहायक स्तर पाँचौं पदका लागि सहायकस्तर चौथो तहमा सेवा अवधि पाँच बर्ष पुरा भई न्यूनतम शैक्षिक योग्यता एस एल सी उत्तीर्ण, अधिकृत छैठौं पदका लागि सहायकस्तर पाँचौ तहमा सेवा अवधि पाँच बर्ष पुरा भई न्यूनतम शैक्षिक योग्यता प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण, अधिकृत स्तर सातौं पदका लागि अधिकृतस्तर छैठौं तहमा सेवा अवधि पाँच बर्ष पुरा भई न्यूनतम शैक्षिक योग्यता स्नातक तह उत्तीर्ण भएको हुनुपर्नेछ ।

२. दरखास्त दस्तुरः सहायक स्तर चौथो पदका लागि रु ४००।-, (अक्षेरेपी चार सय रुपैयाँ), सहायक स्तर पाँचौं पदका लागि रु ६००।- (अक्षेरेपी छ सय रुपैयाँ) र अधिकृत स्तर छैठौं र सातौं पदका लागि (अक्षेरेपी एक हजार रुपैयाँ मात्र) भेरी नगरपालिकाको ने.वै.लि. शाखा जाजरकोटमा रहेको खाता नं. ०७५०३००००१००१००००२ मा रकम जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।

३. छनौटका आधारः

(क) न्यूनतम शैशिक योग्यताको योग्यताको प्रमाणपत्रहरु

(ख) सेवाकालीन तालिमको प्रमाण पत्र,

(ग) पछिल्लो ३ वर्षको कार्य सम्पादन मुल्यांकन

४. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, उम्मेदवारको व्यक्तिगत विवरण, न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, शूरु स्थायी नियुक्ति पत्रको प्रतिलिपि र पासपोर्ट साईजको ३ प्रति फोटो ।

५. आवेदन दिने मिति र स्थानः सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र र दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय समयभित्र तोकिए बमोजिमको फाराम भरी दरखास्त पेश गर्न सकिने छ ।

**दृष्टब्यः** दरखास्त फाराम कार्यालयको वेभसाईट र कार्यालयको प्रशासन शाखाबाट कार्यालय समयमा प्राप्त गर्न सकिनेछ । साथै पेश गरेको कागजातको हकमा सक्कल बमोजिम नक्कल ठिक छ भनी आफैले प्रमाणित गर्नुपर्नेछ ।

CamScanner